नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी बल, नेपाल

सशस्त्र प्रहरी निरीक्षक (साधारण समूह, साधारण तर्फ) पदको खुला प्रतियोगितात्मक परीक्षाको लागि पाठयक्रम र परीक्षा योजना (Examination Scheme) देहाय बमोजिम ८ (आठ) चरणमा विभाजन गरिएको छ ।

क्र.सं.	चरण	विषय	पूर्णाङ्क	कैफियत
१.	प्रथम	प्रारम्भिक शारीरिक परीक्षण	-	पहिलो (शुरु) चरणको परीक्षामा उत्तीर्ण हुने उम्मेदवारलाई मात्र त्यसपछिको चरणको परीक्षामा सहभागी गराईनेछ । आई.क्यू. परीक्षा, लिखित परीक्षा र गुणमापक परीक्षाको उत्तीर्णाङ्क पूर्णाङ्कको ४० प्रतिशत हुनेछ ।
२.	द्वितीय	शारीरिक सहिष्णुता परीक्षा	-	
३.	तृतीय	विस्तृत स्वास्थ्य परीक्षण	-	
४.	चतुर्थ	आई.क्यू परीक्षा	५०	
५.	पाँचौं	लिखित परीक्षा	३००	
६.	छैटौं	गुणमापक परीक्षा	९००	
७.	सातौं	विशेष स्वास्थ्य परीक्षण	-	
८.	आठौं	अन्तर्वार्ता परीक्षा	५०	

प्रत्येक चरणको विस्तृत विवरण निम्न बमोजिम रहेको छ ।

१. प्रथम चरणः- प्रारम्भिक शारीरिक परीक्षण

विवरण	उत्तीर्ण हुनको लागि न्यूनतम मापदण्ड	
	पुरुष	महिला
उचाई	कम्तिमा ६२ इन्च	कम्तिमा ६० इन्च
तौल	कम्तिमा ५० के.जी.	कम्तिमा ४२ के.जी.
छाती	नफुलाउदा कम्तिमा ३१ इन्च, फुलाउदा कम्तिमा ३३ इन्च । कम्तिमा २ इन्च फुलाउनुपर्ने ।	नपर्ने
साधारण वियरिङ्ग	साधारण वियरिङ्गमा अनुत्तीर्ण हुने कारणहरु	
	शारीरिक मापदण्ड (Physical Standards) १. टाउको तथा कपाल (Head and Hair) • टाउको वा शरीरको देखिने भागमा सेतो दुबी (Vitiligo) वा कपाल चक-चक परेर झर्ने दुबी (Alopecia Areata) भएको। • कपाल एक तिहाइभन्दा बढी झरेको, फुलेको, कृत्रिम रूपमा रङ्गाइएको वा अन्य कुनै अस्वाभाविक रूपमा परिवर्तन गरिएको। २. अनुहार (Face) • अनुहारमा १.५ से.मी. × १.५ से.मी. भन्दा ठूलो काटेको वा पोलेको दाग भएको। • जन्मजात दाग (Birth Mark) को हकमा पनि सोही मापदण्ड लागू हुने।	

- सिधा रेखाजस्तो दाग (Linear Scar) २.५ से.मी. भन्दा लामो तथा ३ मि.मि. भन्दा वढी चौडाइ भएको।

३. आँखा (Eyes)

- डेढो आँखा (Squint/Strabismus) भएको।
- रङ छुट्याउन नसक्ने (Colour Blindness) भएको।
- दुवै आँखाको आकार वा अवस्थिति (Position) असमान भएको।
- दायाँ हात चलाउनेको हकमा वायाँ आँखा तथा वायाँ हात चलाउनेको हकमा दायाँ आँखा स्वतन्त्र रूपमा चिम्लन नसक्ने।

४. वोली (Speech)

- तोते वोली, अस्पष्ट वोली, भकभके वा लठ्याँरो वोली भएको तथा स्पष्ट रूपमा सञ्चार गर्न नसक्ने।

५. दाँत तथा मुख (Teeth and Oral Cavity)

- अस्वाभाविक रूपमा वाहिर निस्केको वा अत्याधिक उपडखापड दाँत वा दाह्रा भएको।
- दुई वटासम्म स्थायी दाँत झरेको भए फिक्स प्रोस्थेसिस (Fixed Prosthesis) राखेको हुनुपर्ने।
- रुट क्यानल ट्रिटमेन्ट (Root Canal Treatment: RCT) गरिएको दाँतमा क्याप/क्राउन (Cap/Crown) लगाएको हुनुपर्ने।
- तीन वटासम्म किराले खाएको दाँत भरिएको अवस्थामा स्वीकार गर्न सकिने।
- अगाडिका दाँत कृत्रिम (Artificial), किराले खाएका वा २ मि.मि. भन्दा वढी फाटिएका (Diastema) हुनु नहुने। भरिएका अगाडिका दाँत कार्यात्मक तथा सौन्दर्यात्मक रूपमा सामान्य देखिनुपर्ने।

६. घाँटी, मेरुदण्ड तथा शरीरको वनावट (Neck, Spine and Trunk)

- ढाड कुप्रो (Kyphosis) भएको।
- शरीर पूर्ण रूपमा अगाडि झुकाउन नसक्ने।
- जिउ कोल्टे परेको (Scoliosis)।

७. तौल तथा शारीरिक वनावट (Body Build)

- उचाइअनुसार निर्धारित तौल वा निर्धारित वि.एम.आई (Body Mass Index: BMI) भन्दा वढी तौल भएको (Overweight/Obesity)।
- शरीर अत्याधिक मोटो तर हातखुट्टा अस्वाभाविक रूपमा झिनो देखिने।
- अत्याधिक दुब्लो (Emaciated) भएको।

८. हात, खुट्टा, घुँडा तथा पैताला (Upper and Lower Limbs, Knees and Feet)

- अङ्गभङ्ग भएको।
- हात वा खुट्टा वाङ्गोटिङ्गो (Deformity) भएको।
- हात वा खुट्टा लामो-छोटो भएको।
- अङ्ग काटिएको (Amputated Limb)।
- हात वा खुट्टा जोडिएको (Webbed/Fused) वा खप्टिएको (Contracture)।

- हात वा खुट्टाका औंलाहरू अस्वाभाविक रूपमा फाटिएका वा एकआपसमा जोडिएका (Split/Fused Fingers or Toes)
- सामान्य रूपमा हुनुपर्ने अङ्ग वा औंला नभएको वा अतिरिक्त अङ्ग वा औंला (Supernumerary Limb/Digit) भएको।
- नक-नी (Knock-knee) : दुवै खुट्टा जोडेर उभिँदा गोलिगाँठो (Medial Malleolus) बीच १० से.मी. भन्दा बढी दूरी भएको।
- नी-लक (Knee Lock) भएको।
- बो-लेग (Bow Leg) : दुवै खुट्टा जोडेर उभिँदा घुँडाबीच ८ से.मी. भन्दा बढी दूरी भएको वा रिकेट्स (Rickets) का कारण खुट्टा बाङ्गिएको।
- अत्याधिक चेप्टो पैताला (Severe Flat Foot/Pes Planus) भएको।

९. रक्तनली (Vascular System)

- नशा फुल्ने/भेरिकोच (Varicose Veins) भएको।

१०. छाला (Skin)

- शरीरको देखिने भागबाहेक अन्य भागमा ३.५ से.मी. × ३.५ से.मी. भन्दा ठूलो काटेको, पोलेको वा अन्य प्रकारको दाग भएको।
- शरीरका देखिने भागमा चिकित्सकीय दृष्टिले अस्वीकार्य देखिने दाग वा विकृति भएको।
- शरीरको कुनै पनि भागमा ट्याटु (Tattoo) हुनु नहुने। तथापी, पूर्ण रूपमा मेटाइसकेपछि बाँकी दाग स्वाभाविक देखिएमा स्वीकार गर्न सकिने।
- आफैंले जानाजानी बनाएको खत (Intentional Scar/Cut Mark), अक्षर, नाम वा अन्य चिन्ह भएको।
- शरीरको कुनै पनि भागमा छरिएर अत्याधिक सङ्ख्यामा मुसा (Multiple Nevi/Moles) भएको।

नोटः

यस मापदण्डमा स्पष्ट रूपमा उल्लेख नभएका जन्मजात (Congenital), प्राप्त (Acquired) वा अन्य कुनै शारीरिक विकृति, विकार वा कार्यगत असामान्यता (Functional Abnormality) चिकित्सकीय परीक्षणवाट सेवाको प्रकृति तथा कार्यसम्पादनमा प्रतिकूल प्रभाव पार्ने देखिएमा परीक्षणमा खटिएको चिकित्सकद्वारा अयोग्य ठहर गर्न सक्नेछ।

द्रष्टव्यः-

प्रथम चरणको प्रारम्भिक शारीरिक परीक्षणवाट छनौट भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षामा सम्मिलित गराइनेछ ।

२. द्वितीय चरणः- शारीरिक सहिष्णुता परीक्षा

विवरण	उत्तीर्ण हुनको लागि न्यूनतम मापदण्ड	
	पुरुष	महिला
३०० मि. दौड	५५ सकेन्ड सम्म	६२ सकेन्ड सम्म
सिट-अप	कम्तिमा १० पटक	कम्तिमा ५ पटक
पुस-अप	कम्तिमा १० पटक	कम्तिमा ५ पटक
चिन-अप	कम्तिमा ३ पटक	कम्तिमा १ पटक
३२०० मि. दौड	१८ मिनेट सम्म	२० मिनेट सम्म

द्रष्टव्यः-

द्वितीय चरणको शारीरिक सहिष्णुता परीक्षावाट छनौट भएका उम्मेदवारहरुलाई मात्र तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणमा सम्मिलित गराइने छ ।

३. तृतीय चरणः- विस्तृत स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालवाट निम्नानुसारको परीक्षण गरिनेछ।

1. General Personality Observation
2. Medical
3. General Physic (Surgical)
4. Dental
5. Eye Test (DV/CV)
6. ENT, BP
7. Pregnancy (For Female Candidate Only)

द्रष्टव्यः-

तृतीय चरणको विस्तृत स्वास्थ्य परीक्षणवाट छनौट भएका उम्मेदवारहरुलाई मात्र चतुर्थ चरणको आई.क्यू परीक्षामा सम्मिलित गराइनेछ ।

४. चतुर्थ चरणः- मनोवैज्ञानिक व्यक्तित्व (आई.क्यू) परीक्षा, पूर्णाङ्कः- ५०, उत्तीर्णाङ्कः- ४० प्रतिशत (२० अङ्क) ।

(क) आई.क्यू परीक्षा योजना

विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	विषयवस्तु	प्रश्न संख्या• अङ्कभार	समय
आई. क्यू (I.Q.)	५०	२०	वस्तुगत वहुवैकल्पिक (Multiple Choice Questions)	Numerical Reasoning Test	18x1=18	१ घण्टा
				Abstract Reasoning Test	16x1=16	
				Verbal Reasoning Test:	16x1=16	



विषयः मनोवैज्ञानक व्यक्तित्व (आई.क्यू)

आई.क्यू विषयको लागि निम्न विषयवस्तुवाट निम्नानुसारको प्रश्न संख्या र अङ्कभारका प्रश्नहरु सोधिनेछ।

समयः १ घण्टा

पूर्णाङ्कः५०
उत्तीर्णाङ्कः २०

(A) Numerical Reasoning (18x1=18)

1. Number Analogy
2. Number Classification/Odd One out
3. Number Series
4. Number Coding & Decoding
5. Percentage
6. Average
7. Profit & Loss
8. Ratio & Proportion
9. Data Interpretation
10. Mathematical Operations
11. Arithmetical Reasoning

(B) Abstract Reasoning Test (16x1=16)

1. Series
2. Classification
3. Analytical Reasoning
4. Spotting Out the Embedded Figures
5. Figure Matrix
6. Paper Cutting
7. Rule Detection
8. Grouping of Identical Figures

(C) Verbal Reasoning Test (16x1=16)

1. Series Completion
2. Classification
3. Blood Relationship
4. Direction Sense Test
5. Alphabet Test
6. Eligibility Test
7. Assertion and Reason
8. Situation Reaction Test

द्रष्टव्यः-

चतुर्थ चरणको आई.क्यू परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र पाँचौ चरणको लिखित परीक्षामा सम्मिलित गराइनेछ ।

५. पाँचौं चरणः- लिखित परीक्षाः- पूर्णाङ्कः (३०० (तीन सय) अङ्क

(क) लिखित परीक्षा योजना

पत्र	विषय	पूर्णाङ्क	उत्तीर्णाङ्क	परीक्षा प्रणाली	प्रश्न संख्या × अङ्कभार	समय
प्रथम	नेपाली	५०	२०	वस्तुगत बहुवैकल्पिक	व्याकरणः २० अङ्क २० प्रश्न × १ अङ्क = २० अङ्क	१ घण्टा ३० मिनेट
				विषयगत	नेपाली रचनाः ३० अङ्क १ प्रश्न × १० अङ्क = १० अङ्क, ५ प्रश्न × ४ अङ्क = २० अङ्क,	
	अंग्रेजी-(English)	५०	२०	वस्तुगत बहुवैकल्पिक	Grammar and Vocabulary: २० अङ्क २० प्रश्न ×१ अङ्क =२० अङ्क	१ घण्टा ३० मिनेट
				विषयगत	Reading: १२ अङ्क ४ प्रश्न ×२ अङ्क = ८ अङ्क २ प्रश्न ×२ अङ्क = ४ अङ्क Writing: १८ अङ्क २ प्रश्न × ५ अङ्क =१० अङ्क २ प्रश्न × ४ अङ्क = ८ अङ्क	
द्वितीय	सामान्य ज्ञान	५०	२०	वस्तुगत बहुवैकल्पिक	५० प्रश्न × १ अङ्क = ५० अङ्क	१ घण्टा
	नेपालको संविधान र कानूनहरु	५०	२०	विषयगत	८ प्रश्न ×५ अङ्क = ४० अङ्क १ प्रश्न ×१० अङ्क = १० अङ्क	१ घण्टा ३० मिनेट
तृतीय	पेशा सम्बन्धी	१००	४०	विषयगत	सशस्त्र प्रहरी सम्बन्धीः ४ प्रश्न ×५अङ्क = २० अङ्क ३ प्रश्न × १० अङ्क = ३० अङ्क विविध विषयः ६ प्रश्न × ५ अङ्क = ३० अङ्क २ प्रश्न × १० अङ्क = २० अङ्क	३ घण्टा

द्रष्टव्यः

१. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ ।

२. प्रथम, द्वितीय र तृतीय पत्रको लिखित परीक्षा छुट्टाछुट्टै हुनेछ ।

३. वस्तुगत बहुवैकल्पिक (Multiple Choice) प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्येक गलत उत्तर वापत २० प्रतिशत अंक कट्टा गरिने छ । तर, उत्तर नदिएको प्रश्न वापत अङ्क दिइने छैन र अङ्क कट्टा पनि गरिने छैन ।

४. वस्तुगत बहुवैकल्पिक प्रश्न हुने परीक्षामा परीक्षार्थीले उत्तर लेख्दा अंग्रजी ठुलो अक्षर (Capital Letter) A,B,C,D मा लेख्नु पर्नेछ। सानो (Small Letter) a,b,c,d अक्षर लेखेको वा अन्य कुनै संकेत गरेको भए सबै उत्तरपुस्तिका रद्द हुनेछ ।

५. वस्तुगत बहुवैकल्पिक प्रश्नहरु हुने परीक्षामा कुनै पनि प्रकारको क्याल्कुलेटर (Calculator) वा अन्य कुनै विद्युतीय उपकरण (Electronic Device) को प्रयोग गर्न पाईने छैन ।

६. विषयगत प्रश्न मा प्रत्येक पत्र-विषयका प्रत्येक खण्डका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक खण्डका प्रश्नहरुको उत्तर सोही खण्डका उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

७. यस पाठ्यक्रममा जेसुकै लेखिएको भएता पनि पाठ्यक्रममा परेका ऐन, नियमहरु तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडी (संशोधन भएका वा संशोधन भई हटाईएका वा थप गरी संशोधन भई) कार्यमा रहेकोलाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।



प्रथम पत्रः नेपाली र अंग्रेजी

खण्ड (A): नेपाली

समयः १ घण्टा ३० मिनेट

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

१ व्याकरणः २० अङ्क

सबै प्रश्न वस्तुगत बहुवैकल्पिक हुनेछन । प्रत्येक विषयवाट कम्तिमा १ (एक) प्रश्न सोधिनेछ ।

१.१. नाम र यसका प्रकार

१.२. सर्वनाम र यसका प्रकार

१.३. विशेषण र यसका प्रकार

१.४. काल (भुत, वर्तमान र भविष्यत)

१.५. क्रिया

१.६. करण/अकरण

१.७. वाक्यमा प्रयोग (साधारण शब्दहरु र चलन चल्तीका उखान टुक्काहरु)

१.८. समास/विग्रह

१.९. लिङ्ग र यसका प्रकार

१.१०. वचन र यसका प्रकार

१.११. पुरुष (प्रकार, शब्द पहिचान)

१.१२. निपात

२. नेपाली रचना (सबै प्रश्न बिषयगत हुनेछन): ३० अङ्क

२.१. पत्र लेखन/निवेदन लेखन	१×४=४
२.२. टिप्पणी लेखन	१×४=४
२.३. संक्षेपीकरण	१×४=४
२.४. विस्तृतीकरण	१×४=४
२.५. वोध (अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर)	१×४=४
२.६. निवन्ध लेखन	१×१०=१०



खण्ड (B): English

Time: 1 hours 30 Minutes

Full Mark: 50
Pass Mark: 20

1. Grammar and Vocabulary (Multiple-Choice Questions, at least one question from one topic): 20 (20x1=**20**) **mark.**

1.1. Parts of Speech
1.2. Tense
1.3. Voice
1.4. Narration (Reported Speech)
1.5. Tag question
1.6. Punctuation
1.7. Fill in the gaps (Preposition, Article)
1.8. Relative clause
1.9. Conditional Sentence
1.10. Synonym
1.11. Antonym
1.12. Single word

2. Reading: 12 Marks.

2.1. Reading Comprehension (Question answer) (4x2=8)
2.2. Translation (2x2=4)
a. English to Nepali
b. Nepali to English

3. Writing: 18 Marks.

3.1. Essay writing (1x5=5)
a. Descriptive
b. Narrative

3.2. Letter writing (1x5=5)
a. Informal letter writing
b. Official letter and Applications writing

3.3. Report writing (1x4=4)
a. Crime and incident report
b. Event or ceremony report

3.4. Summary writing (1x4=4)



द्वितीय पत्रः सामान्य ज्ञान र नेपालको संविधान तथा कानूनहरु

खण्ड (A): सामान्य ज्ञान

समयः १ घण्टा

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

सामान्य ज्ञान विषयमा यथासम्भव निम्नानुसारको सबै विषयहरुबाट वस्तुगत बहुवैकल्पिक प्रश्नहरु सोधिनेछ ।

१. राष्ट्रियः (२० अङ्क)
   - १.१ नेपालको इतिहास (पृथ्वीनारायण शाह देखि हालसम्म)
   - १.२ ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु
   - १.३ भौगोलिक बनावट, जनसंख्या, हिम-शिखरहरु, नदी-नालाहरु, राजमार्गहरु
   - १.४ राजनैतिक अवस्था, स्थानीय सरकार र सुशासन
   - १.५ नेपाली साहित्यकारहरु र तिनका रचनाहरु
   - १.६ महत्वपूर्ण व्यक्तित्व तथा विचारहरु
   - १.७ खेलकुद
   - १.८ समसामयिक राष्ट्रिय घटनाहरु

२. अन्तर्राष्ट्रियः (२० अङ्क)
   - २.१ भौगोलिक (महादेश, महासागर, नदी, ताल र पर्वत श्रृंखला)
   - २.२ राजनैतिक, सामाजिक र आर्थिक घटनाहरु
   - २.३ संयुक्त राष्ट्र संघ (UN), सार्क (SAARC), बिमस्टेक (BIMSTEC), र एसियन (ASEAN),
   - २.४ खेलकुद (ओलम्पिक, दक्षिण एशियाली खेलकुद)
   - २.५ समसामयिक अन्तर्राष्ट्रिय घटनाहरु

३. कानून सम्बन्धीः (१० अङ्क)
   - ३.१ नेपालको संवैधानिक विकासक्रम र वर्तमान संविधान
   - ३.२ सशस्त्र प्रहरी ऐन, २०५८
   - ३.३ सशस्त्र प्रहरी नियमावली, २०७२
   - ३.४ सशस्त्र प्रहरी बल, नेपलमा भर्ना सम्बन्धी समावेशी व्यवस्था
   - ३.५ सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी समसामयिक जानकारी
   - ३.६ सशस्त्र प्रहरी बल, नेपालको पद तथा श्रेणी
   - ३.७ सशस्त्र प्रहरी बल, नेपालको संयुक्त राष्ट्र संघमा सहभागीता



खण्ड (B): नेपालको संविधान र कानूनहरु

समयः १ घण्टा ३० मिनेट

पूर्णाङ्कः ५०
उत्तीर्णाङ्कः २०

नेपालको संविधान र कानून सम्वन्धी निम्न विषयहरुवाट निम्न अंकभारको विषयगत प्रश्नहरु सोधिनेछ । (८ प्रश्न × ५ अङ्क =४० अङ्क, १ प्रश्न ×१० अङ्क =१० अङ्क)

१. नेपालको संविधानको विकासक्रम

२. नेपालको संविधान

- २.१. संविधानको मुलभूत विशेषताहरु
- २.२. नागरिकता, मौलिक हक र कर्तव्य
- २.३. राज्यको निर्देशक सिद्धान्त, नीति तथा दायित्व
- २.४. राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड
- २.५. राष्ट्रपति र उपराष्ट्रपति सम्वन्धी व्यवस्था
- २.६. कार्यपालिका, न्यायपालीका र व्यवस्थापिका सम्वन्धी व्यवस्था
- २.७. संघीय आर्थिक कार्य प्रणाली सम्वन्धी व्यवस्था
- २.८. संवैधानिक अङ्ग र निकाय सम्वन्धी जानकारी
- २.९. राष्ट्रिय सुरक्षा सम्वन्धी व्यवस्था र संकटकालीन अधिकार
- २.१०. राजनीतिक दल र संक्रमणकालीन व्यवस्था
- २.११. संघ, प्रदेश र स्थानीय तह वीच अन्तरसम्वन्ध
- २.१२. अनुसूचीहरु (१ देखि ९ सम्म)

३. स्थानीय प्रशासन ऐन, २०२८

४. भन्सार ऐन, २०६४ को परिच्छेद ३ देखि ७ सम्म



तृतीय पत्रः पेशा सम्बन्धी

समयः ३ घण्टा | पूर्णाङ्कः १००
उत्तीर्णाङ्कः ४०

खण्ड (A): ५० अङ्क

१. सशस्त्र प्रहरी बल, नेपाल सम्बन्धी (४ प्रश्न × ५ अङ्क = २० अङ्क, ३ प्रश्न × १० अङ्क = ३० अङ्क
- १.१. सशस्त्र प्रहरी बल, नेपालको ऐतिहासिक पृष्टभूमी र परिचय
- १.२. सशस्त्र प्रहरी बल, नेपालको स्थापनाको औचित्य, आवश्यकता र वर्तमान चुनौतीहरु
- १.३. सशस्त्र प्रहरी ऐन, २०५८
- १.४. सशस्त्र प्रहरी नियमावली, २०७२
- १.५. सशस्त्र प्रहरी बल, नेपाल र विपद् व्यवस्थापन
- १.६. संयुक्त राष्ट्र संघिय मिसन र सशस्त्र प्रहरी बल, नेपाल
- १.७. सशस्त्र प्रहरी बल, नेपाल र सीमा सुरक्षा
- १.८. संगठीत अपराध
- १.९. आतङ्कवाद नियन्त्रण

खण्ड (A): ५० अंक

२. सुरक्षा व्यवस्थापन र विविध (६ प्रश्न × ५ अङ्क = ३० अङ्क, २ प्रश्न × १० अङ्क = २० अङ्क ।
- २.१. नेपालको सुरक्षा व्यवस्थाका चुनौती र समाधानका उपायहरु
- २.२. मानवीय सुरक्षा र नेपालको अवस्था
- २.३. अपराध र सुरक्षा व्यवस्थापनका नवीनतम प्रवृत्तिहरु
- २.४. नेतृत्व तथा उत्प्रेरणा
- २.५. निर्णय प्रक्रिया
- २.६. मानव अधिकार
- २.७. द्वन्द्व व्यवस्थापन
- २.८. विद्युतीय सुशासन, ईन्टरनेट र सामाजिक संजालको उत्तरदायी प्रयोग
- २.९. साईवर नैतिकता र सुरक्षित प्रयोगका उपायहरु
- २.१०. संघीयता र संघीय संरचना सम्बन्धी जानकारी
- २.११. समावेशीकरण र मूलप्रवाहीकरण
- २.१२. लैङ्गीक समानता र समता
- २.१३. नागरिकका कर्तव्य, दायित्व, मानवीय मुल्य र मान्यताहरु
- २.१४. सुशासनको अवधारणा र नेपालमा सुशासनको अवस्था

द्रष्टव्यः- पाँचौं चरणको लिखित परीक्षावाट छनौट भएका उम्मेदवारहरुलाई मात्र छैठौं चरणको गुणमापक परीक्षामा सम्मिलित गराईनेछ ।



६. छैठौं चरण (Psychological Test) गुणमापक परीक्षाः- पूर्णाङ्क- ९०० अङ्क, उत्तीर्णाङ्क- ४० प्रतिशत ।

क. (Technical Officer's Test) टि.ओ.परीक्षा ।

ख. (Group Testing Officer Test) जि.टि.ओ.परीक्षा ।

ग. (Interviewing Officer Test) आई.ओ.परीक्षा ।

घ.. (Board Conference Test) वि.सी. परीक्षा ।

टि.ओ., जि.टि.ओ., आई.ओ. र वि.सी. परीक्षामा सम्मिलित बोर्डले सामूहिक रुपमा छलफल गरी उम्मेदवारहरुको उपयुक्तता सम्बन्धी परीक्षण गरिनेछ ।

द्रष्टव्यः-

छैठौं चरणको गुणमापक परीक्षाबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र सातौं चरणको विशेष स्वास्थ्य परीक्षणमा सम्मिलित गराइनेछ।

७.सातौं चरणः विशेष स्वास्थ्य परीक्षण

सशस्त्र प्रहरी सेवा आयोगद्वारा तोकिएको चिकित्सक तथा अस्पतालबाट निम्नानुसारको परीक्षण गरिनेछ।

1. Blood (HB,TC,DC,ALB,SUG,M/E)
2. Chest (X-ray Report), Tuberculosis (TB)
3. Serum creatinine
4. Urine Routine
5. HIV, HbsAg, VDRL
6. Anti HCV
7. Drug of Abuse (DOA) Test
8. Urine Pregnancy Test (For Female Candidate Only)

द्रष्टव्यः-

सातौं चरणको विशेष स्वास्थ्य परीक्षणबाट छनौट भएका उम्मेदवारहरुलाई मात्र आठौं चरणको अन्तर्वार्ता परीक्षामा सम्मिलित गराइनेछ ।

८. आठौं चरणः- अन्तर्वार्ता

सशस्त्र प्रहरी सेवा आयोगका सदस्यहरुद्वारा अन्तर्वार्ता परीक्षा मार्फत उम्मेदवारहरुको विषयवस्तु सम्बन्धी ज्ञान, तर्कशक्ति, अभिव्यक्ति क्षमता तथा व्यक्तित्व परीक्षण गरिनेछ ।

नोटः

१. शैक्षिक योग्यता बापतको अङ्क निम्नानुसारको हुनेछ ।

क. प्रथम श्रेणी वा सो भन्दामाथिः- २ (दुई)

ख. द्वितीय श्रेणीका लागिः- १.५ (एक दशमलव पाँच)

ग. तृतीय श्रेणीका लागिः- १ (एक)

घ. श्रेणी नखुलेको शैक्षिक योग्यताको लागि द्वितीय श्रेणी बराबरको अङ्क प्रदान गरिनेछ ।

२. चरणवद्ध रुपमा प्रारम्भिक शारीरिक परीक्षण, शारीरिक सहिष्णुता परीक्षा, विस्तृत स्वास्थ्य परीक्षण, मनोवैज्ञानिक व्यक्तित्व (आई.क्यू.) परीक्षा, लिखित परीक्षा, गुणमापक परीक्षा र विशेष स्वास्थ्य परीक्षणमा उत्तीर्ण भई अन्तर्वार्तामा सहभागी भएका उम्मेदवारहरुको मनोवैज्ञानिक व्यक्तित्व (आई.क्यू.) परीक्षा, लिखित परीक्षा, गुणमापक परीक्षा, अन्तर्वार्ता परीक्षा र शैक्षिक योग्यता वापतको अङ्क समेत जोडी कूल अङ्कको योग्यताक्रम अनुसार सशस्त्र प्रहरी नियमावली बमोजिम अन्तिम नतिजा प्रकाशित गरिनेछ ।

३. पाठ्यक्रम लागू मितिः- २०८३/०५/१६ गते ।

सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय
मानवश्रोत विभाग
स्वयम्भू, ललितपुर, काठमाडौं